आज मिति २०७९ साल मंसीर १७ गते दिनको ११ बजे यस भेरीगंगा नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री यज्ञप्रसाद ढकाल ज्यूको अध्यक्षतामा भेरीगंगा नगरपालिकाको सभा कक्षमा तपसिल बमोजिमको उपस्थितीमा बसी तपसिल अनुसारका निर्णयहरु पारित गरियो ।

तपसिल :

श्री यज्ञप्रसाद ढकाल, नगर प्रमुख
श्री धनसरा बोहरा, नगर उपप्रमुख
श्री दिनेश पुलामी मगर, वडा अध्यक्ष वडा नं. १
श्री चिरन्जिवि बुढा, वडा अध्यक्ष वडा नं. २
श्री जीतबहादुर सुनार, वडा अध्यक्ष वडा नं. ३
श्री गंगाबहादुर खत्री, वडा अध्यक्ष वडा नं. ४
श्री प्रेमबहादुर सारु मगर, वडा अध्यक्ष वडा नं. ५
श्री लालसिं बुढाक्षेत्री, वडा अध्यक्ष वडा नं. ६
श्री कर्णबहादुर मिजार, वडा अध्यक्ष वडा नं. ७
श्री पुसे कामी, वडा अध्यक्ष वडा नं. ८
श्री प्रेमबहादुर आग्री, वडा अध्यक्ष वडा नं. ९
श्री विरबहादुर बस्नेत, वडा अध्यक्ष वडा नं. १०
श्री जयबहादुर नेपाली, वडा अध्यक्ष वडा नं. ११
श्री रामबहादुर डाँगी, वडा अध्यक्ष वडा नं. १२
श्री गणेशबहादुर भण्डारी, वडा अध्यक्ष वडा नं. १३
श्री शेरबहादुर कामी, कार्यपालिका सदस्य
श्री सहविर महर, कार्यपालिका सदस्य
श्री पवित्रा घर्ती, कार्यपालिका सदस्य
श्री गौमाया खत्री, कार्यपालिका सदस्य
श्री खगीसरा पुन मगर, कार्यपालिका सदस्य
श्री मानसिं परियार, कार्यपालिका सदस्य
श्री अमृता वि.सी. विष्ट, कार्यपालिका सदस्य
श्री ओविसरा बस्याल, कार्यपालिका सदस्य
श्री कृष्ण प्रसाद पोखेल, (सचिव) प्रमुख प्रशासकीय अधिकृत

सहयोगीहरु :

श्री मान बहादुर ठाडा, लेखाअधिकृत
श्री कुलबहादुर खड्का, अधिकृत छैटौं
श्री कृष्ण बहादुर शाही, कार्यालय सहयोगी

CamScanner

निर्णय प्रमाणित

निर्णय नं १: यस भेरीगंगा नगरपालिकाबाट आ ब २०७९।०८० को श्रावनदेखि हालसम्म भएका निर्णय, कार्यहरुको सम्बन्धमा ब्यापक छलफल तथा समिक्षा गरियो । नगरपालिकाको लागि आवश्यक पर्ने विभिन्न कानून निर्माणका लागि विषयगत रुपमा आवश्यक मस्यौदा तयार गरी कानून तर्जुमाको प्रक्रियालाई अगाडि बढाउने साथै भेरीगंगा नगरपालिकाको भू-उपयोग क्षेत्र वर्गिकरण सम्वन्धि मापदण्ड तयार गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

निर्णय नं २: यस भेरीगंगा नगरपालिकाबाट आ ब २०७९।०८० का लागि नदिजन्य पदार्थ उत्खनन तथा विक्रि वितरण सम्वन्धमा मिति २०७९।०६।१४ गते प्रकाशित बोलपत्रमा पेश हुन आएका विद्युतिय बोलपत्रहरुलाई मिति २०७९।०७।१७ गते बसेको मुल्याङ्कन समितिले मुल्याङ्कन गर्दा सवैभन्दा वढि रकम श्री भवानि निर्माण सेवा ठाँटिकाँध ३ दैलेखले कबोल गरेकोले उक्त निर्माण सेवालाई सम्झौता गरि कार्य अगाढि बढाउने निर्णय गरिएको र मिति २०७९।०७।२८ गते उक्त निर्माण सेवासंग ठेक्का सम्झौता भई कार्य अगाडि बढाईएकोले सो निर्णय यस कार्यपालिका बैठकबाट सर्वसम्मतिले अनुमोदन गरियो ।

CamScanner